
कृषि, उद्योग तथा पशुपंक्षीको वृहत प्रदर्शनी

# कृषि एक्स्पो

भाद्र २७-३०, २०८१

कटहरी, मोरंग



**आयोजक**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश

**प्रवर्द्धक**

प्रदेश सरकार
कोशी प्रदेश, विराटनगर

कृषि, उद्योग तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, विराटनगर

**सहयोगी संस्था**

Sahaj
Partner for innovations in agricultural markets

कटहरी गाउँ पालिका

# कोशी प्रदेश परिचय

कोशी प्रदेशको क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर रहेको छ । यस प्रदेशको पूर्वमा भारतको पश्चिम बंगाल प्रदेश, पूर्व-उत्तरमा भारतको सिक्किम प्रदेश, पूर्व-दक्षिण तथा दक्षिणमा भारतको विहार प्रदेश, पश्चिम-दक्षिणमा नेपालको मधेस प्रदेश तथा पश्चिम उत्तरमा नेपालको बागमती प्रदेश र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ । यस प्रदेश अन्तर्गत झापा, मोरङ, सुनसरी, ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, संखुवासभा, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुंगा र उदयपुर गरी कुल १४ वटा जिल्लाहरू रहेका छन् । भौगोलिक रुपले यो प्रदेश हिमाल, पहाड, भित्री मधेस र तराई मिलेर बनेको छ । उत्तरमा हिमाली भेग, मध्ये भागमा पहाड र दक्षिणी भागमा तराईका जिल्ला छन् । कोशी नदीको पश्चिमी भेगमा महाभारत र चुरे पहाडको बिचमा होचो भू-भाग समेटिएका भित्री मधेसका जिल्ला रहेका छन् । यो प्रदेशमा नेपालको सबैभन्दा होचो भू-भाग समुन्द्र सतहबाट ५८ मिटरको उचाईमा रहेको केचना-कवलदेखि ८,८४८.८६ मिटर उचाई रहेको विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ । तराई, पहाड र हिमालसहितको यो प्रदेशमा नेपालको सबैजसो भौगोलिक विविधता रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको जनसङ्ख्या ४९,६१,४१२ रहेको छ, जसमध्ये पुरुष सङ्ख्या २४,१७,३२८ (४८.७२ प्रतिशत) र महिला सङ्ख्या २५,४४,०८४ (५१.२८ प्रतिशत) छ ।

कृषि कोशी प्रदेशको अर्थतन्त्रको मुख्य स्तम्भ हो । कृषि क्षेत्रले कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कम्तीमा ३३ प्रतिशत योगदान गर्दै आएको छ । त्यसबाहेक कृषिमा आधारित प्रशोधन उद्योग र कृषि उत्पादनको व्यापारले उद्योग र सेवातर्फको गार्हस्थ्य उत्पादनमा समेत उल्लेख्य भूमिका निर्वाह गरिरहेकाले समग्र अर्थतन्त्रमा कृषि क्षेत्रको प्रत्यक्ष र परोक्ष गरी ४० प्रतिशत भन्दा धेरै योगदान रहेको अनुमान छ । अध्ययन अनुसार कृषि अर्थतन्त्रमा सबैभन्दा बढी योगदान गर्ने उत्पादन धान हो । तरकारी, आलु, मकै, अलैंची, अदुवा, तेलहन त्यसपछिका प्रमुख बाली हुन् । दुग्ध उत्पादन, खसी बाख्राको मासु र बंगुरको मासु कोशी प्रदेशमा पशुपालनतर्फका प्रमुख उत्पादन हुन् । गाईपालन, बाख्रापालन र बंगुरपालनका लागि सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा, भोजपुर, खोटाङ जिल्ला यस प्रदेशका प्रमुख जिल्ला हुन् । यस प्रदेशमा रहेका प्रमुख कृषि बालीमा चिया, अलैंची, धान, मकै, गहुँ, आलु, कोदो आदि हुन् । तरकारी र फलफूल पनि यो प्रदेशका प्रमुख बालीका रुपमा रहेका छन् । बाख्रापालन, दुग्ध उत्पादन र बंगुरपालन यहाँका प्रमुख पशुपालनका विकल्प हुन् । तराईको भूमि ऊर्वर रहेको छ । तराई र भित्री मधेसका जिल्ला झापा, मोरङ, सुनसरी र उदयपुर धान, गहुँ, तरकारी, उखु, मकै, आलु जस्ता उत्पादनका लागि महत्वपूर्ण छन् । अदुवा, अलैंची, चिया, अम्रिसो आदि यो प्रदेशका पहाडी जिल्लामा हुने प्रमुख उत्पादन हुन् । सुन्तला, जुनार र कागती पहाडका प्रमुख फलफूल हुन् भने केरा, आँप र लिची तराईमा उत्पादन हुने प्रमुख फलफूल हुन् । किवी, एभोकाडो खेती पहाडी जिल्लामा विस्तार भइरहेको छ । झापा सुपारीका लागि प्रख्यात छ । छुर्पी इलाम, पाँचथर, ताप्लेजुङ लगायतका जिल्लामा प्रमुख रुपमा उत्पादन हुने गरेको छ । अलैंची यहाँको प्रमुख निर्यात बाली हो । अम्रिसो, अदुवा कन्दा र मुला जस्ता तरकारी पनि भारत निर्यात हुने गरेको छ । छुर्पी अमेरिका लगायतका देशमा निर्यात भइरहेको र यसको बाह्य व्यापार निरन्तर बढिरहेको अवस्था छ ।









## कृषि एक्स्पोको सान्दर्भिकता र प्रभाव

आधुनिक युगमा अर्थतन्त्रको सवलताका लागि उद्योग, वाणिज्य, पर्यटन, शिक्षा, स्वास्थ्य, यातायात र कृषिको विकास आवश्यक आधारहरु हुन् । जैविक विविधता, ऐतिहासिक, पुरातात्विक महत्व तथा अत्यन्तै रमणिय प्राकृतिक स्थलहरुले भरिएको कोशी प्रदेशको व्यापार विस्तारका लागि यस एक्स्पोको महत्व अझ बढि रहेको छ । यस क्षेत्रका कृषि तथा पशुपालनका उत्पादनहरुको बजारीकरण र यहाँका प्रचुर सम्भावनाहरुलाई दृष्टिगत गरी एक्स्पोमा अलग अलग परिसर बनाई विविध उत्पादन तथा सेवाहरुको प्रवर्द्धन गर्ने मुख्य उद्देश्य रहेको छ । कृषि तथा पशुपालनका उत्पादन र उपभोक्ताबीचको प्रत्यक्ष सम्बन्धमा नजीकपन ल्याउन र लगानीकर्तालाई नया व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्ने गरी आयोजना हुने यस एक्स्पोले समग्र राष्ट्रकै अर्थतन्त्रलाई अभिवृद्धि गर्न अमूल्य योगदान पुऱ्याउनेछ भन्ने अपेक्षा गरिएको छ ।

प्रदेश स्तरमा आयोजना हुने यस्ता एक्स्पो तथा प्रर्दशनीले कृषक, उत्पादक तथा उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध गाँसी, व्यापारिक चहल पहल बढाई समस्त आर्थिक क्षेत्र फस्टाउने कार्यमा उल्लेख्य भूमिका खेल्ने सर्वविदितै छ । साथै नेपाल लगायत विदेशी राष्ट्र समेतबाट लगानीकर्ता, खरीदकर्ता, आयातकर्ता तथा आम जनता आउने भएकाले भविष्यमा लगानीका नया अवसरहरु श्रृजन । हुने हुँदा यस एक्स्पोको महत्व अझै बढी देखिन्छ ।

एक्स्पोको माध्यमद्धारा सरोकारवाला क्षेत्र तथा सरकारको ध्यान केन्द्रित गराई यस क्षेत्रलाई कृषि व्यवसाय केन्द्रको रुपमा विकास गर्ने लक्ष्य रहेको छ । स्थानीय स्तरमा आयोजना हुने जुनसुकै कार्यक्रम सफल हुनुमा स्थानीय निकायको भूमिका अत्यन्तै महत्वपुर्ण हुन्छ । कृषि व्यवसायीक केन्द्रतिर उन्मुख भइरहेको यस प्रदेशमा आयोजना हुने यस्ता कार्यक्रमले लगानीका थुप्रै अवसरहरु श्रृजना गर्दछन् । विशेषगरी औद्योगिक तथा कृषि व्यावसायिक क्षेत्रमा परिणत भइरहेको यस क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त हुने सहयोग नआएमा एक्स्पोको पूर्ण सफलताको कल्पना गर्न सकिन्न ।

## मिति र स्थान

मिति : भाद्र २७-३०, २०८१

स्थान : कृषि थोक बजार, कटारी, मोरङ, कोशी प्रदेश, नेपाल



## एक्स्पोको उद्देश्य :

- आधुनिक खेतीका लागी प्रोत्साहित गर्न कृषि प्रविधि र उपकरणमा नवीनतम प्रगतिहरू प्रदर्शन गर्ने।
- किसान, अनुसन्धानकर्ता र नीति निर्माताहरूलाई विचारहरु आदानप्रदान गर्न, उत्कृष्ट अभ्यासहरु साझा गर्न एउटा साझा थलोको निमार्ण गर्ने ।
- प्रदर्शकलाई आफ्नो उत्पादन, सेवा तथा पशुपक्षिंको सम्भावित ग्राहक, लगानीकर्ता तथा वितरक माझ प्रदर्शन गरी व्यापार विस्तारको अवसर प्रदान गर्ने ।
- कृषिका लगानी र उद्यमशीलताका अवसरहरू देखाउँदै ग्रामीण क्षेत्रमा आर्थिक विकासलाई प्रवर्द्धन गर्ने ।
- उत्पादकहरूलाई बजार, क्रेता र आपूर्तिकर्ता सँग जोडी नयाँ बजार तथा ग्राहकको पहुँचका लागि मद्दत गरी मुनाफामा बृद्धि गर्ने ।
- दिगो खेतीका अभ्यास, वातावरण संरक्षण, र पशु कल्याणको बारेमा शिक्षित गर्ने ।
- कृषि र पशुपालनको विकासमा योगदान गर्ने किसान, पशुपालनकर्ता तथा अनुसन्धानकर्ताहरूको उपलब्धिहरु पहिचान तथा पुरस्कृत गर्ने ।
- वैदेशिक लगानीका सम्भावना पहिचान गरी त्यसका लागि आवश्यक वातावरणको निर्माण गर्ने ।
- स्थानीय उत्पादन तथा सेवाको बजार प्रवर्द्धन गर्ने एवं कृषक, व्यवसायीहरुलाई प्रोत्साहन गर्ने ।
- स्थानीय उत्पादनमा गुणात्मक सुधारगरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सहयोग गर्ने ।
- देश विदेशका कृषक व्यवसायीहरुसंग अनुभव आदान प्रदानको अवसर प्रदान गर्ने ।
- कृषि पेशालाई व्यवसायीक रुपमा उन्मुख गराउन सहयोग गर्ने ।

## एक्स्पो का आकर्षणहरू

- नविनतम् औजार, यन्त्र तथा प्रविधिको प्रदर्शनी
- उन्नत जातका पशुपक्षि प्रदर्शनी
- पर्यावरण-मैत्री समाधानहरूको प्रदर्शनी
- शैक्षिक कार्यशाला र सेमिनार गोष्ठि
- नयाँ नयाँ अनुसन्धान र परियोजनाहरूको प्रस्तुती
- बजार तथा ब्यापारका अवशरहरु
- पशुपक्षिं तथा कृषि उपज प्रतियोगिता
- खेत देखी भान्साको अनुभव तथा फुड फेस्टिभल
- सरोकारवालाहरु बिच सिमन्वयको अवशर






## प्रर्दशनी हुने वस्तु तथा सेवाहरू

- कृषि औजार तथा यन्त्र
- उन्नत तथा स्थानीय बिउबिजन
- किटनाशक तथा मलखाद
- व्यवसायीक प्रविधि
- कृषि उत्पादन तथा सेवा
- उन्नत जातका पशुपंक्षि
- भेटेनरी औषधी तथा सेवा
- अनुसन्धान तथा शैक्षिक संस्था
- सरकारी तथा गैर सरकारी संघ संस्था
- खाद्य वस्तु उत्पादक

## सुविधाहरू

- नयाँ उत्पादन प्रदर्शनी, सेमिनार तथा गोष्ठि स्थल
- चौविसै घण्टा सि. सि. टि. भि. सहितको सुरक्षा
- वाइफाई, इन्टरनेट, टेलिफोन
- प्राथमिक उपचार तथा दमकल
- चौविसै घण्टा विद्युत तथा खानेपानी
- प्रवेश निशुल्क

## प्रचार–प्रसार

- पत्रकार सम्मेलन, राष्ट्रिय तथा स्थानीय पत्रिका
- टि भी, रेडियो, एफ. एम. तथा माइकिङ
- होर्डिङ बोर्ड, पोल ब्यानर, क्रस ब्यानर
- ब्रोसर, पोष्टरिङ, चिठिपत्र
- वेभसाइट, इ-मिडिया, सोसियल मिडिया

## विस्तृत जानकारीका लागि


कृषि एक्स्पो सचिवालय
नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश
बरगाछी, विराटनगर, कोशी प्रदेश, नेपाल
फोन नं.:०२१-५७४०१८
मोवाइल : ९८५२०४००५२, ९८५११२९५६३


Federation of Nepalese Chambers of Commerce & Industry
Estd. 1965
नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश

# Event Layout

